# प्रदेश र स्थानीय तहहरुलाई रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

एम.एम. रेडियो र केबुल टेलिभिजन प्रसारण माध्यमहरुको संचालनको इजाजत, नविकरण र नियमन गर्ने अधिकार प्रदेश र स्थानीय तहहरुलाई तोकिएकोले सो सम्बन्धमा प्रदेश र स्थानीय तहबाट एफ.एम. रेडियो संचालनका लागि फ्रिक्वेन्सी वितरण गर्नुपर्ने हुँदा फ्रिक्वेन्सी उपलब्ध गराउने सम्बन्धी आधार तथा फ्रिक्वेन्सी वितरण कार्यविधि तयार गर्न वान्छनीय भएकोले,

मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "प्रदेश र स्थानीय तहहरुलाई रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७६" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रसारण फ्रिक्वेन्सी" भन्नाले प्रसारण प्रयोजनका लागि एफ. एम. रेडियो संचालन गर्न तोकिएको फ्रिक्वेन्सी सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ग) "सम्बन्धीत प्रदेश र स्थानीय तह" भन्नाले एफ. एम. रेडियो तथा टेलिभिजनको दर्ता ठेगाना रहेको सम्बन्धीत प्रदेश र स्थानीय तह सम्झनु पर्छ ।

३. सुचिकृत हुनुपर्ने: (१) मन्त्रालयबाट यस कार्यविधि प्रारम्भ हुनु अगावै इजाजतपत्र लिई सम्बन्धीत प्रदेश र स्थानीय तहमा रहेका प्रसारण संस्थाहरु सम्बन्धीत प्रदेश र स्थानीय तहमानै सूचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुँदा १०० वाट सम्मका एफ.एम. रेडियो सम्बन्धित स्थानीय तहमा र १०० वाट भन्दा माथी १००० वाट सम्मको एफ.एम. रेडियो र केबुलमा आधारित टेलिभिजन सम्बन्धीत प्रदेशमा सूचिकृत हुनुपर्नेछ ।

४. **<u>फ्रिक्वेन्सी माग सम्बन्धी व्यवस्था:</u>** सम्बन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय समक्ष एफ.एम. रेडियो फ्रिक्वेन्सी बाँडफाँडका लागि अनुमति माग गर्दा देहाय बमोजिमका विवरण सहित माग गर्नुपर्नेछ ।

क) सम्बन्धीत प्रदेश वा स्थानीय तहको अनुरोध पत्र,

ख) सम्बन्धीत प्रदेश वा स्थानीय तहमा एफ.एम.प्रसारणको ईजाजत माग गरेको दरखास्तको प्रतिलिपी,

ग) प्रशारण इजाजतपत्र जारी सम्बन्धित स्थानिय तह वा प्रदेशले बनाएको कानून,

घ) टेक्निकल प्रपोजल, प्रशारण स्थानको Co-ordinates (Latitude, Longitude, Altitude ) को विवरण र उक्त Co-ordinates अंकित भएको Topological Map तथा प्रयोग हुने रेडियो उपकरण (Transmitter, Antenna ) को टेक्निकल स्पेशिफिकेसन

ङ) मन्त्रालयले प्राविधिक रुपमा आवश्यक देखेका अन्य थप विवरण वा कागजातहरु ।

५. **<u>फ्रिक्वेन्सीको उपलब्धता</u>** : (१) दफा ४ बमोजिम फ्रिक्वेन्सी माग गर्ने प्रदेश वा स्थानीय तह मार्फत माग बमोजिम फ्रिक्वेन्सी उपलब्ध गराउन मन्त्रालयले प्राविधिक जाँच तथा परिक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच र परिक्षण गर्दा माग भएबमोजिम प्राविधिक रुपमा फ्रिक्वेन्सी तोक्न सकिने भएमा मन्त्रालयले फ्रिक्वेन्सी उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम जाँच र परिक्षण गर्दा माग भएबमोजिम फ्रिक्वेन्सी उपलब्ध गराउन नसक्ने भएमा मन्त्रालयले सोको कारण सहित सम्बन्धित प्रदेश वा स्थानीय तहलाई जानकारी गराउनेछ ।

६. **फ्रिक्वेन्सी निर्धारण र समिति गठन सम्बन्धी व्यवस्थाः** दफा ५ बमोजिम मन्त्रालयले प्रसारण फ्रिक्वेन्सी उपलब्ध गराउँदा मन्त्रालयको फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा प्रमुख र श्रव्यदृश्य तथा प्रसारण शाखा प्रमुख रहेको तीन सदस्यीय समिति गठन गरी उक्त समितिको सिफारिसमा देहाय बमोजिमको तहबाट निर्णय हुन सक्नेछः-

क. राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी हुने ५०० वाट सम्मको एफ.एम. रेडियोको इजाजतपत्र जारी गर्ने फ्रिक्वेन्सी तोक्न - फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा प्रमुखको तहबाट,

ख. राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी हुने १००० वाट सम्मको एफ.एम. रेडियोको इजाजतपत्र जारी गर्ने फ्रिक्वेन्सी तोक्न – मन्त्रालयको सचिवको तहबाट ।

७. **अभिलेखिकरण गराउनुपर्ने**: प्रदेश वा स्थानीय तहले प्रयोग गर्ने वा अन्य प्रसारण संस्थाहरुलाई वितरण गरेको फ्रिक्वेन्सीलाई तुरन्त मन्त्रालयको केन्द्रिय फ्रिक्वेन्सी अभिलेखमा अभिलेखिकरण गराउनुपर्नेछ ।

८. **अनुगमन सम्बन्धी व्यवस्था**: (१) मन्त्रालयले आवश्यकता अनुसार फ्रिक्वेन्सी वितरण, प्रयोग एवं संचालनको प्राविधिक अनुगमन गर्नेछ ।

(२) प्रदेश र स्थानीय तहले समेत फ्रिक्वेन्सी प्रयोग एवं संचालनको प्राविधिक अनुगमन नियमित रुपमा गरी अनुगमनका क्रममा पाईएका अनियमितताको जानकारी मन्त्रालयलाई गराउनुपर्नेछ ।

९. **कार्यविधीको पालना गर्नु पर्ने** : प्रत्येक प्रदेश र स्थानीय तहले यस कार्यविधिमा उल्लिखित प्रावधानको पालना र कार्यान्वयन गर्नु पर्नेछ ।

१०. **कार्यविधिको व्याख्या र संशोधन**:- (१) यस कार्यविधिको व्याख्या गर्ने अधिकार मन्त्रालयमा निहित रहने छ ।

(२) मन्त्रालयले कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

११. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।